नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नेपाल प्रहरी केनाइन कार्यालय
(प्रबन्ध शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६
महाराजगंज, काठमाण्डौ ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८२ चैत्र २३ गते ।
ने.सं. ११४६

**विषय:- निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"** बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"** बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण गर्ने व्यवस्था मिलाईएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सक्कलै निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | जात | नाम | लिङ्ग | जन्म मिति/उमेर | विषय | निर्धारित मूल्य | कै |
|---|---|---|---|---|---|---|---|
| १. | ककर स्पाइनल | सरड्युक (sirduk) | भाले | २०७९।०५।२९ ३ बर्ष ७ महिना | विस्फोटक पदार्थ खोजी एवं पहिचान | ४०००।- | |
| २. | जर्मन सेफड | ज्याक ( Jack) | भाले | २०८०/०८/०५ २ बर्ष ४ महिना | मानव खोजी तथा उद्धार | ५०००।- | |

**निवेदनका साथ पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि ।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि ।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि ।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामाको प्रतिलिपि ।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति